# विवाहपञ्चमीको उत्सवको चर्चा



के.बी. बस्नेत

मार्गशुक्ल पञ्चमीलाई विवाहपञ्चमी भनिन्छ । अघि त्रेता युयगमा अयोध्या नगरीमा राजा दशरथ राज्य गर्दथे । उनका राम, भरत, लक्ष्मण र शत्रुघ्नसमेत चारभाइ छोराहरू थिए । त्यसबेला विश्वामित्र ऋषि वनमा तपस्या गर्दथे । उनका आश्रममा सुबाहु, मारीच आदि धेरै-धेरै दुष्ट राक्षसहरूले ऋषिको तपस्यामा विघ्न पार्दथे । राक्षसहरूबाट आजित भएका विश्वामित्र ऋषिले राजा दशरथका दरबारमा गएर मेरो आश्रमको सुरक्षार्थ राम र लक्ष्मणलाई खटाइदिन आग्रह गरे ।

ऋषिको आग्रहलाई स्वीकार गरेर राजा दशरथले राम र लक्ष्मणलाई ऋषिकासाथ पठाइदिए । ऋषि प्रसन्न भएर राम र लक्ष्मणलाई लिएर गए । बाटामा राम र लक्ष्मणलाई 'बला' र 'अतिबला' नामका दुई विद्याको उपदेश गरे । जुन विद्याका प्रभावले भोक तीर्खाबाट पीडित हुनु पर्दैनथ्यो । त्यस विद्याका प्रभावले राम र लक्ष्मणले पनि विश्वामित्रका तपोवनमा गएर धेरै-धेरै राक्षसहरू मारेर आश्रमलाई सुरक्षित बानाइदिए । यस कामबाट विश्वामित्र ऋषि ज्यादै प्रसन्न भएर भने-बाबु हो ! अब तिमीहरूलाई म अयोध्या पुऱ्याइदिन्छु, तर जनकपुरको बाटो गरेर लैलान्छु, किन भने अहिले जनकपुरमा जनक वंशी राजा सीरध्वजले राज्य गर्दैछन् । उनका राज्यमा शिवजीको बडोमाको धनु राखिएको छ । क्षत्रीयले त्यस धनुको दर्शन गर्नु राम्रो हुन्छ, भनेर विश्वामित्र राम र लक्ष्मणसहित जनकपुरतिर लागे ।

केही वर्षअघि राजा जनकले यज्ञभूमि निर्माण गर्ने सिलसिलामा हलाले भूमि जोत्ता हलाका सियाबाट एउटी दिव्य कन्या उत्पत्ति भएकी थिइन् । हलाका सियाबाट उत्पत्ति भएकी हुँदा तिनको नाम सीता राखिएको थियो । किन कि ! हलाका सियालाई सीता भनिन्छ, त्यसैले ती कन्याको नाम पनि सीता राखिएको हो । राजा जनकले तिनलाई छोरी बनाएर राम्रोसँग पालन पोषण गरेर राखेका थिए । त्यसैले शुक्लपक्षका चन्द्रमाको कला बढेझैँ सीताजी बढेर छ वर्षका उमेरमा नै यौवनारूढ जस्तै हुनुभएको थियो । त्यसबेला सीता त्यो धनुलाई उठउन सक्नुहुन्थ्यो । त्यसैले राजा जनकले एउटा शर्त राखेका थिए, त्यो के हो भने झझ जसले यो शिवधनुलाई उठाएर यसमा ताँदो चडाउँछ, त्यसैका साथमा सीताले स्वयंवर गर्नेछन् त्रत्र भनेर स्वयंवर सभाको आयोजना गरेका थिए । अनि त्यस स्वयंवर सभामा विभिन्न देशबाट राजा महाराजा र राजकुमारहरू उपस्थित भएका थिए । राजा दशरथ पनि भरत र शत्रुघ्नलाई समेत लिएर उपस्थित भएका थिए । जब राम र लक्ष्मणलाई लिएर विश्वामित्र ऋषि जनकपुर पुगे, त्यसबेला रामलाई देखेर सबै नरनारीहरू आकर्षित र आनन्दित भए । सीताजी पनि रामलाई देखेर उहाँप्रति ज्यादै आकर्षित हुनुभयो । तर भएर के गर्नुनु र ? बाबाले राखेको शर्तप्रति खेद व्यक्त गर्दै सखीका साथमा सीताजीले यस्तो भन्नुभयो :-

*कमठपृष्ठकठोरमिदं धनुर्मधुरमूर्तिरसौ रघुनन्दन: ।*
*कथमधिज्यमनेन विधीयतामहह !! तातपणस्तव दारुण: ॥*

अर्थात् कूर्म अर्थात् कछुवाको पिठ्युँजस्तो कठोर यो धनु छ, रघुवंशी राजकुमार राम भने ज्यादै मधुर र ज्यादै कोमल शरीर भएका हुनुहुन्छ । त्यस्तो कोमल शरीर भएका रामले यस्तो कठोर एवं कडा धनुलाई उठाएर ताँदो चडाउन कसरी सक्नुहोलार ? हे पिताजी तपाइँले ज्यादै कठोर शर्त राख्नुभयो । भनेर रामसँग विवाह गर्न नपाइने हो कि ! भनेर ज्यादै पीर गर्नुभएको थियो । सीताको स्वयंवरको आयोजना भएको थियो । विभन्न राजा महाराजा र राजकुमारहरू धनु उठाउन प्रयत्नमा लागे । कसैले सकेनन् । लंकाधिपति रावणले बल्लतल्ल धनु उठाए, तर धनुलाई थाम्न नसकेर त्यसै धनुद्वरा आफैं किचिएर निस्कन सकेनन् । किचिएका रावणलाई उद्धार गर्नसक्ने कोही पुरुष नदेखी रावणको त्यस्तो दूर्दशा देखेर राजा जनकले भने :- यस सभामा त्यस्तो वीर क्षत्रीय कोही छैन ? जसले मरणासन्न रावणको रक्षा गर्न सक्छ ? राजा जनकका यस्ता कुरा सुनेर रामले गुरु विश्वामित्रगुरुको आज्ञा लिई त्यस धनुलाई उचालेर रावणको बचाउ गर्नुभयो । अनि सबै राजा राजकुमारहरूले धनु उठाउन प्रयत्न गर्न थाले, कसैले पनि नसकेपछि फेरि गुरुको आज्ञा लिएर रामचन्द्रले शिव धनुलाई प्रदक्षिणा गरी

ॐ नम: शिवाय भन्दै धनुलाई जुरुक्क उठाउनुभयो र त्यसमा ताँदो चडाउन खोज्दा धनु आकाश-पृथिवी थर्काउँदै बड् यांग भाँचियो । यो शब्द सुन्दा सबैको सातो गयो । स्वयंवर गर्न लुगाफाटो गहनागुरिया लगाएर सजिसजाउ भएकी सीताजीले पनि यो शब्द सुन्नुभयो । अनि कसले धनु उठएछ त ! जसले उठाएको भए पनि बाबाको शर्तअनुसार मैले त्यसैलाई नै स्वयंवर गर्नैपर्छ, कोमल र सुन्दर शरीर भएका रामले त्यो धनु उठाउन सक्ने कुरै भएन । त्यस्ता लोकोत्तर रूपलावण्य भएका रामसँग विवाह गर्न पाइने भएन, भन्दै चित्त खिन्न पार्दै स्वयंवरको माला हातमा लिएर स्वयंवर सभामा सीताजी प्रवेश गर्दा ता रामचन्द्रले नै पो त्यो धनु भाँच्नुभएको रहेछ, भन्ने थाहा भयो । अनि ता सीताजीको खुशीयालीको सीमा नै रहेन । अनि ज्यादै प्रसन्न भएर श्रीरामचन्द्रका गलामा स्वयंवरको वरमाला पहिऱ्याउनुभयो । अनि राजा जनकले रामचन्द्रका साथमा सीताको विवाह गरिदिनुभयो भने राजा जनकका भाइका छोरीहरू श्रुतकीर्ति, उर्मिला र माण्डवीहरूसँग भरत, लक्ष्मण र शत्रुघ्नको समेत विवाह भयो । त्यो विवाह गरेको दिन मार्गशुक्ल पञ्चमीको दिन भएको हुँदा मार्ग शुक्ल पञ्चमीलाई सीता विवाहपञ्चमी भनिएको हो । यस दिन सीतारामको पूजा आराधना गरेमा ठूलो पुण्य लाभ हुन्छ । यसदिन जनकपुरमा रहेको रामजानकी मन्दिरमा ठूलो उत्सव गरी सीतारमको आराधनन गरिन्छ । हामी पनि यसदिन सीतारामको आराधना गरौं, हाम्रो कल्याण हुन्छ ।

ॐ श्रीसीतारामचन्द्राभ्यां नम:॥

## मोटरसाइकल चोरीमा संलग्न सातजना पक्राउ

**काठमाडौं/हिटा ।** काठमाडौंमा मोटरसाइकल चोरी कार्यमा संलग्न सातजना गिरोह पक्राउ परेका छन् ।

महानगरीय ट्राफिक प्रहरी महाशाखाले मंगलबार रामशाहपथस्थित आफ्नै कार्यालयमा पत्रकार सम्मेलन गरी मोटरसाइकल चोरी कार्यमा संलग्न सो गिरोहलाई पक्राउ गरी सार्वजनिक गरेको हो । सोमबार राति काठमाडौंको बबरमहलबाट उनीहरूलाई पक्राउ गरी थप अनुसन्धानका लागि महानगरीय प्रहरी परिसरमा बुझाउन लागिएको महाशाखाका प्रवक्ता प्रहरी उपरीक्षक सञ्जीव शर्मा दासले जानकारी दिनुभयो ।


**दार्मा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
फारुलाचौर, सल्यान
कर्णाली प्रदेश नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मितिः २०७८/०८/२२

यस गाउँपालिकाको आ.व ०७८/७९ को स्वीकृत कार्यक्रम बमोजिम दार्मा गाउँपालिकाको निम्न लिखित कार्यका लागि मिति २०७८/०७/१७ गते हिमालय टाइम्स राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम पर्न आएका बोलपत्रहरु मुल्यांकन समितिको सिफारिसको आधारमा देहाय बमोजिमको बोलपत्र सारभूतरुपमा प्रभावग्राही रहेकाले स्वीकृतिको लागि छनौट गरिएको हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

| सी.न | ठेक्का न./ काम को विवरण | बोलपत्रदाता को नाम/ ठेगाना | कबोल अंक रु (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | DRM/NCB/W/02/078-79 Supply Delivery, Construction of LT Line at Darma Rural Municipality of Different wards. | Milijuli Nirman Sewa, Lekhu Tamakoshi-06 Ramechhap. | 23,92,725.00 | |

नि. प्रमुख प्रशासकिय अधिकृत



**सडक डिभिजन पाल्पा**

**आर्थिक प्रस्ताव खोल्ने आशयको सूचना**

मिति २०७८/०५/२२ को **"अन्नपूर्ण पोष्ट"** पत्रिकामा प्रकाशित यस कार्यालयको बोलपत्र आव्हानको सूचना नं. **02-RDPLP-2078/79** मा उल्लेखित म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये निम्न बोलपत्रको प्राविधिक प्रस्तावको परीक्षण गर्दा तपसिल अनुसारका वोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही तथा योग्यताका आधारमा सफल भएकाले सार्वजनिक खरिद नियमावाली २०६४ (नवौं संशोधन) को नियम ३१ ङ (४) र (५) वमोजिम आर्थिक प्रस्ताव तपसिलको मिति र स्थानमा खोलिने भएको हुँदा सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | Contract no. | Works Description | Successful Bidders in Technical Bid Evaluation | Price Bid Opening Place, Date and Time |
|---|---|---|---|---|
| १ | DROPLP/ 33701138/ 078-079/010 | Bituminous Pavement and Structural Works on Rudrabeni - Wamitaksar - Daramkhola Road [Aanpchaur-Bhuwachidi Section], Gulmi | Dev & Sayar-Sunil Samir Joint Venture | Place: Road Division, Palpa. Date: 2078/08/29 Time: 13:00 |
| | | | Kashyap Nirman Sewa and Suppliers | |
| | | | Rajesory Construction Pvt Ltd | |
| | | | Siddhartha- Shrestha j/v | |
| | | | Jaya Raktakali Construction Pvt. Ltd | |

**बोधार्थः** सम्बन्धीत सबै बोलपत्रदाताहरु

डिभिजन प्रमुख



**लिम्चुङबुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
बाराहा, उदयपुर
प्रदेश नं.१, नेपाल

**सिलबन्दी दरभाउपत्र आहवानको सूचना**

*प्रथम पटक प्रकाशित मिति : २०७८/०८/२२*

यस कार्यालयद्धारा स्वीकृत बार्षिक कार्यक्रम बमोजिम तपसिल अनुसारका सामग्री खरिद कार्य गर्नु पर्ने भएकोले इच्छुक तथा इजाजत प्राप्त विक्रेता/कम्पनी/फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

**शर्तहरु :**

१. दरभाउपत्र खरिदको लागि फारम दस्तुर बापत रु.१,०००।- (अक्षरुपी रु. एक हजार मात्र) (प्रत्येक कामको छुट्टा छुट्टै दस्तुर) यस कार्यालयको नेपाल एस.बि.आई बैकको शाखा कार्यालय लिम्चुङबुङमा रहेको **गः १.१ आन्तरिक राजस्व खाता नं. ४३२९५२४१२०७००४** मा नगद जम्मा गरी सो को सक्कल रसिद सहित आपूर्ति गर्नुपर्ने सामग्री सम्बन्धि कारोबार गरिरहेको विक्रेताको फर्म दर्ता प्रमाण पत्रको प्रति, व्यवसाय दर्ता इजाजत पत्र (नविकरण सहित), स्थायी लेखा नं. (PAN) र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, गत आ.व. सम्मको कर चुक्ता गरेको प्रमाण पत्र वा कर विवरण पेश गरेको कागजातहरु अनिवार्य पेश गर्नु पर्ने छ ।
२. खरिद गरिएका दरभाउपत्रहरु प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन अपरान्ह १२:०० बजे भित्र दर्ता गरिसक्नु पर्नेछ । तोकिएको मिति तथा समय भन्दा पछि बुझाएको दरभाउपत्र स्विकार गरिने छैन ।
३. बोलपत्रदाताले उक्त सामान यस कार्यालयमा आफै ढुवानी गरी ल्याउनु पर्नेछ ।
४. दर्ता गर्न ल्याईएका दरभाउपत्र (परिमाणको मूल्य पत्र समेत) को सिलवन्दी खाममा दरभाउपत्र सि.नं.,ठेक्का नं., कामको नाम, विक्रेता/कम्पनी वा अधिकृत डिलरको नाम र ठेगाना स्पष्ट संग लेखिएको हुनुपर्नेछ ।
५. दरभाउपत्र साथ यस कार्यालयको नेपाल एस.बि.आई बैकको शाखा कार्यालय लिम्चुङबुङमा रहेका धरौटी **खाता नं. ४३२२५२४०६००००३** मा तपसिलमा उल्लेखित रकम जम्मा गरेको सक्कल भौचर वा कम्तिमा ७५ दिनको म्याद भएको नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त "क" वर्गको बैंकबाट जारी गरिएको "विडवण्ड" संलग्न भएको हुनुपर्ने छ ।
६. परिमाणको मूल्य पत्रमा तोकिए अनुसार दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनुपर्नेछ ।
७. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिन क्रमशः दरभाउपत्र खरिद गर्न, दाखिला गर्ने र खोलिनेछ ।
८. दरभाउपत्रमा माग गरिएको परिमाण थपघट गर्ने,दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृती गर्न सम्पुर्ण अधिकार यस कार्यालयमा रहनेछ ।
९. अन्य जानकारीको लागि ९८५२८२९१०१ वा ९८१७३४३६०९ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ ।
१०. आपूर्ति गर्नुपर्ने सामग्री सम्बन्धी आवश्यक जानकारी यस गाउँपालिकाको वेव साईट www.limchungbungmun.gov.np मा हेर्न सकिने छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | आपूर्ति गर्नुपर्ने सामग्रीको विवरण | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| १. | LRM/SQ/Goods/13/2078-079 | 1. Electronic Items | रु.५०,०००।- | |
| २. | LRM/SQ/Goods/14/2078-079 | 2. Furniture Items | रु.१०,०००।- | |
| ३. | LRM/SQ/Goods/15/2078-079 | 3. Stationary Items | रु.२५,०००।- | |

*प्रमुख प्रशासकीय अधिकृत*



***Infrastructure Development Office, Bagmati Province, Kavrepalanchowk***

**Publication of Bid (8th Dec, 2021)**

1. *Infrastructure Development Office, Kavrepalanchowk* invites electronic bids from Nepalese eligible bidders for road construction under National Competitive Bidding procedures.

| Pre-bid meeting | Last Date of Submission | Date of Opening | Bid security Validity Period |
|---|---|---|---|
| 29th Dec. 2021, 11:00 AM | 9th Jan 2022, 12:00 PM | 9th Jan 2022, 1:00PM | Refer respective bid documents |

2. Bidder should submit their bid electronically and have to download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,.
Account Information :
Name of the Bank:Rastriya Banijya Bank    Name of Office: Infrastructure Development Office , Kavrepalanchok
Office Code no. :3370126013,    Account No: 1000200010000    Bid document fee :- As tabulated below
Account Name: Ko Le Ni Ka Ekal Rajaswa Khata
3. Infrastructure Development Office Kavrepalanchok may accept the bid of substantially responsive lowest evaluated bidder fully or partially.

| S. N. | Name of Road | Estimated Amount (with PS and VAT) | Bid Security Amount | IFB No | Bid document fee |
|---|---|---|---|---|---|
| 1 | Construction of Sringmati khola arch Bridge Su. na.pa 1,4 Gamcha Tarkhagal Biruwa Sadak Bhaktapur | | 8,00,000 | 63-IDOKAVRE/2078/079 | 5000 |
| 2 | Construction of 25 kilo charangefedi motorable bridge namobuddha 6, kavre(Dapcha khola) | | 7,75,000 | 64-IDOKAVRE/2078/079 | 5000 |
| 3 | Construction of Roshi khola Sankhu Balthali (Baluwa)Bridge Panauti 10,11 | | 18,00,000 | 65-IDOKAVRE/2078/079 | 5000 |
| 4 | Construction of Darmetar Guragaintar Pokharipata Krishna Mandir Sadak Mandandeupur 8 | 9,60,000.00 | 24,000 | 66-IDOKAVRE/2078/079 | 3000 |
| 5 | Construction of 50 kilo Rampur Sadak (Mandan ra Bhumlu Jodne) Kavre | 47,99,274.77 | 1,20,000 | 67-IDOKAVRE/2078/079 | 3000 |
| 6 | Construction of Bi.Pi Rajmarg Buchakot Bata Dhungesaghu charuwa deurali bhedawari hudai panchkhal na. pa simana masarkhola jodne sadak kalopatre , Namobuddha 3 | 24,00,000.00 | 61,000 | 68-IDOKAVRE/2078/079 | 3000 |
| 7 | Construction of Kartike deurali -Bokse Road Chaurideurali-6 Kavre | 15,68,756.05 | 40,000 | 69-IDOKAVRE/2078/079 | 3000 |
| 8 | Construction of Dudhgaun Chheda Kafle Koilibagar Sadak Chaurideurali Ga Pa Kavre | 41,95,336.46 | 1,05,000 | 70-IDOKAVRE/2078/079 | 3000 |

***Senior Divisional Engineer, Office Chief, IDO Kavre***